☎ ०७७-४२०२०५
arghakhanchidcourt@gmail.com
info.dcaghakhanchi@supremecourt.gov.np

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

(तहसिल शाखा)

पत्र संख्याः- ०७६/०७७
चलानी नम्बरः-

मितिः २०७६।१०।०९

सर्वसाधारणको जानकारीका लागि जारी भएको लिलाम विक्री सम्वन्धी अत्यन्त जरुरी सुचना ।

सुचना प्रकाशन मितिः- २०७६।१०।०९ (प्रथम पटक)
लिलाम सुचना नं. १-०७६/०७७

यसमा अदालतको अन्तिम फैसलाले जफत हुने ठहर भएको दशीको सामान जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को कार्यविधि पुर्याई फैसला वमोजिम लिलाम विक्री गरी प्राप्त रकम राजश्वमा दाखिल गर्न यस अदालतवाट मिति २०७६।०९।२८ गते पंचकृते मोल कायम भएको तपसिल वमोजिमको दशीको सामान (ट्रक र साल जातको चिरान काठ) जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्तको अधिनमा रही लिलाम वढावढ गरिने हुँदा सम्वन्धित सवैको जानकारीका लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१। लिलाम वढावढमा सहभागी हुन ईच्छुक व्यक्ति,फर्म कम्पनी वा संघसंस्थाले आफ्नो नागरिकता/ संघ संस्था दर्ताको प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी सूचना प्रकाशित भएको मितिले २० दिन भित्र यस अदालतको आर्थिक प्रशासन शाखावाट रु १,०००।- मा वोलपत्र खरिद गर्न सकिने छ ।

२। न्युनतम मूल्य भन्दा कम मूल्यमा डाँक अंक वोल्न पाईने छैन ।

३। वोलपत्र कर्ताले आफ्नो नाम, ठेगाना स्पस्ट खुलाई वोलपत्रमा डाँक रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेख्दा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

४। डाँक लिलाम वोल्न चाहने व्यक्ति, संघसंस्था वा व्यापारिक प्रतिष्ठानले लिलाम हुने ट्रक र साल जातको काठको छुट्टा छुट्टै वोलपत्र पेश गर्नु पर्नेछ ।

५। खरिद गरिएका वोलपत्र मिति २०७६ साल माघ महिनाको २९ गते दिनको ठीक ५ वजेसम्म यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने छ । म्याद नाघि आएको वोलपत्र दर्ता हुनेछैन ।

६। लिलाम वोलेको १० प्रतिशत रकम तत्कालै धरौट राखी वाँकी ९० प्रतिशत रकम ७ दिन भित्र यस अदालतमा दाखेल गर्नु पर्नेछ । समयमा ९० प्रतिशत रकम दाखेल नगरे १० प्रतिशत धरौटी रकम जफत गरी दोश्रो वढी डाँक अंक वोल्ने व्यक्तिलाई क्रमश डाँक सकार गर्न दिईने छ ।

७। लिलाम वोलेको अंकको १३ प्रतिशत मुल्य अभिवृदी कर लाग्ने छ ।

८। लिलाम हुने सवारी साधन ट्रक पुनः दर्तागरी चलन गर्न नपाईने हुँदा पत्रुको रुपमा आफ्नै खर्चमा टुक्रा/टुक्रा पारी लैजानु पर्नेछ ।

९। वोलपत्रवालाले लिलाम हुने सामानहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

१०। वोलपत्र स्विकृत गर्ने, नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस अदालतमा निहित हुनेछ ।

११। डाँक लिलाम सम्वन्धी थप कुराहरु जानकारी लिनु परेमा कार्यालय समय भित्र यस अदालतको तहसिल शाखावाट वुझ्न सकिनेछ ।

१२। दर्ता भएका वोलपत्रहरु वोलपत्र दाखिल गर्ने अन्तिम दिनको भोलि पल्ट २१ औं दिन अर्थात मिति २०७६।११।०१ गते दिउसो १ वजे वोलपत्र दाता र निजको प्रतिनिधिको रोहवरमा यस अदालतको तहसिल शाखामा वोलपत्र खोलिने छ । वोलपत्र खोल्दा वोलपत्र दाता र निजको प्रतिनिधी उपस्थित नभएपनी वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

तपसिल

| सि.नं. | सवारी साधनको विवरण | वनेको साल | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | ना.२ख ८९७० नं. को ट्रक<br>मोडल नं . LPT1613TC/42<br>च्यासिस नं. 388002AVZ101198<br>ईन्जिन नं. 40B62307420 | २००४ | २,००,०००।-<br>(दुई लाख रुपैया) | |

तपसिल

| सि.नं. | लिलाम हुने सामानको विवरण | दररेट | परिणाम | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १ | साल जातको चिरान काठ | प्रति क्यू. फिट रु २,०००।- | २४१।३४ क्यू.फिट (२१९ थान) | रु.४,८२,६८०।-(चारलाख वयासी हजार छ सय असी मात्र) |